**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले आज बिहान हैदराबादमा राज्य लोक सेवा आयोगका अध्यक्षहरूको दुई दिनसीय राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नु हुनेछ।
- उपराष्ट्रपति सी.पी. राधाकृष्णन हिजो साँझ नयाँ दिल्लीमा क्याथोलिक बिशप सम्मेलन अफ इन्डियाद्वारा आयोजित वार्षिक क्रिसमस समारोहमा सहभागी हुनुभयो।
- प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा विश्व स्वास्थ्य संगठनको परम्परागत चिकित्सा सम्बन्धी दोस्रो विश्वव्यापी शिखर सम्मेलनको समापन समारोहलाई सम्बोधन गर्नु हुनेछ।
- केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले आर्टिफिसियल इन्टेलिजेन्समा शिक्षाको क्षेत्रमा चुनौतीहरूलाई सम्बोधन गर्ने क्षमता रहेको बताउनु भयो ।
- क्रिसमस र नयाँ वर्षलाई मध्यनजर गर्दै यात्रुहरूको सुविधाको लागि रेलवेले नौ क्षेत्रहरूमा १३८ विशेष रेलहरू चलाउनेछ।

**राष्ट्रपति द्रौपदी**

राष्ट्रपति द्रौपदी मुर्मुले आज बिहान हैदराबादमा राज्य लोक सेवा आयोगका अध्यक्षहरूको दुई दिनसीय राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नु हुनेछ। सम्मेलनमा देशभरका राज्य लोक सेवा आयोगका अध्यक्ष र वरिष्ठ अधिकारीहरू उपस्थित हुनेछन्। सम्मेलनमा तेलङ्गानाका राज्यपाल जिष्णु देव वर्मा, मुख्यमन्त्री रेवन्त रेड्डी र संघ लोक सेवा आयोगका अध्यक्ष अजय कुमार पनि उपस्थित हुनेछन्।

**उपराष्ट्रपति- क्रिसमस**

उपराष्ट्रपति सी.पी. राधाकृष्णन हिजो साँझ नयाँ दिल्लीमा क्याथोलिक बिशप सम्मेलन अफ इन्डियाद्वारा आयोजित वार्षिक क्रिसमस समारोहमा सहभागी हुनुभयो। यस अवसरमा पश्चिम बंगालका राज्यपाल डा. सी.भी. आनन्द बोस पनि उपस्थित हुनुहुन्थ्यो। कार्यक्रममा बोल्नु हुदै उपराष्ट्रपतिले क्रिसमसको पर्वले सबैलाई शान्ति, करुणा, नम्रता र मानवताको सेवा जस्ता अनन्त मूल्यहरूको सम्झना गराउँने बताउनु भयो। उहाँले २०४७ सम्ममा विकसित भारतको लक्ष्य प्राप्त गर्न सकारात्मक योगदान गरिरहन सबैलाई आग्रह गर्नु भयो। उपराष्ट्रपतिले विकासका लागि सामूहिक प्रयास आवश्यक छ भन्ने कुरामा जोड दिनु हुँदै गरिबी हटाउन र साझा समृद्धितर्फ अघि बढ्न सबै समुदायलाई एकसाथ काम गर्न आह्वान पनि गर्नु भयो।

BYTE

**प्रधानमन्त्री- डब्ल्युएचओ**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) को परम्परागत चिकित्सा सम्बन्धी दोस्रो विश्वव्यापी शिखर सम्मेलनको समापन समारोहलाई सम्बोधन गर्नु हुनेछ। यस अवसरमा, प्रधानमन्त्रीले आयुष क्षेत्रको लागि एक प्रमुख डिजिटल पोर्टल, **माई आयुष इंटीग्रेटेड सर्विसेज पोर्टल** सहित धेरै प्रमुख पहलहरू सुरु गर्नुहुनेछ। उहाँले आयुष

उत्पादन र सेवाहरूको गुणस्तरको लागि विश्वव्यापी बेन्चमार्कको रूपमा परिकल्पना गरिएको आयुष मार्कको पनि अनावरण गर्नुहुनेछ। कार्यक्रमको क्रममा, श्री मोदीले योग प्रशिक्षण सम्बन्धी डब्ल्युएचओ-को प्रतिवेदन र आयुष मन्त्रालयको ११ वर्षको रूपान्तरण सम्बन्धी पुस्तक पनि विमोचन गर्नुहुनेछ। उहाँले अश्वगन्धामा एक स्मारक हुलाक टिकट विमोचन गर्नुहुनेछ। श्री मोदीले २०२१ देखि २०२५ सम्म योगको प्रवर्द्धन र विकासमा योगदान पुर्‍याएकोमा प्रधानमन्त्री पुरस्कार प्राप्तकर्ताहरूलाई सम्मान गर्नुहुनेछ। प्रधानमन्त्रीले परम्परागत चिकित्सा खोज स्थलको पनि भ्रमण गर्नुहुनेछ। शिखर सम्मेलन डब्ल्युएचओ र आयुष मन्त्रालयद्वारा संयुक्त रूपमा नयाँ दिल्लीको भारत मण्डपममा आयोजना गरिँदैछ।

BYTE

**पीएम- परमाणु उर्जा विधेयक**

प्रधानमन्त्री नरेन्द्र मोदीले दिगो परमाणु  ऊर्जा प्रयोग र विकास, भारत रूपान्तरण विधेयक, २०२५ पारित भएकोमा स्वागत गर्नु भयो। सामाजिक सञ्जालमा एक पोस्टमा, श्री मोदीले यसलाई भारतको प्रविधि परिदृश्यको लागि एक महत्वपूर्ण मोडको रूपमा वर्णन गर्नुभयो। विधेयकलाई समर्थन गरेकोमा सांसदहरूप्रति कृतज्ञता व्यक्त गर्नु हुदै , प्रधानमन्त्रीले भन्नु भयो विधेयकले कृत्रिम बुद्धिमत्ताको प्रयोगलाई तीव्र बनाउनेछ, हरित उत्पादनलाई सक्षम बनाउनेछ र देश र विश्वको लागि स्वच्छ ऊर्जा भविष्यको लागि निर्णायक प्रेरणा प्रदान गर्नेछ। प्रधानमन्त्रीले शान्ति विधेयकले निजी क्षेत्र र युवाहरूको लागि असंख्य अवसरहरू पनि खोल्ने बताउनु भयो।

**धर्मेन्द्र प्रधान-एआई**

केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) मा शिक्षाको क्षेत्रमा चुनौतीहरूलाई सम्बोधन गर्ने क्षमता रहेको बताउनु भयो। उहाँले एआईले गुणस्तरीय शिक्षालाई अझ समावेशी, पहुँचयोग्य र समतामूलक बनाउन सक्ने बताउनु भयो। नयाँ दिल्लीमा शिक्षण र सिकाइमा एआईको प्रयोग सम्बन्धी सल्लाहकार समितिको तेस्रो बैठकको अध्यक्षता गर्नु हुँदै श्री प्रधानले भन्नु भयो सरकार शिक्षणलाई विद्यार्थी-केन्द्रित र व्यक्तिगत बनाउन, सिकाइ परिणामहरू सुधार गर्न र विद्यार्थी र शिक्षकहरूलाई सशक्त बनाउन प्रतिबद्ध छ। बैठकमा राष्ट्रिय शिक्षा नीति २०२० अनुरूप आर्टिफिसियल इन्टेलिजेन्सलाई शिक्षा प्रणालीमा कसरी व्यवस्थित रूपमा एकीकृत गर्ने भन्ने बारेमा विस्तृत प्रस्तुतीकरणहरू प्रस्तुत गरिएको थियो।

**राज्यसभा-जी राम जी बिल**

संसदले विकासित भारत - ग्यारेण्टी फर रोज़गार अनि आजीविका मिशन  (ग्रामीण): विकासित भारत - जी राम जी विधेयक, २०२५ पारित गरेको छ। राज्यसभाले हिजो राति विधेयकलाई पारित गरेको छ। लोकसभाले पहिले नै विधेयक पारित गरिसकेको छ। यस विधेयक मार्फत, सरकारले २०४७ सम्ममा विकसित भारतको राष्ट्रिय दृष्टिकोण अनुरूप ग्रामीण विकास ढाँचा सिर्जना गर्ने लक्ष्य राखेको छ। यस कानून अन्तर्गत, प्रत्येक ग्रामीण घरपरिवार जसका वयस्क सदस्यहरू काम गर्न सोक्षम छन् , उनीहरूलाई प्रति वित्त वर्ष १२५ दिनको रोजगारीको कानुनी रूपमा ग्यारेन्टी गरिनेछ। केन्द्र सरकारले यस योजनाको लागि कोषको ६० प्रतिशत योगदान गर्नेछ, र राज्य सरकारहरूले ४० प्रतिशत योगदान गर्नेछन्, यद्यपि यो अनुपात उत्तरपूर्वी र हिमालयी राज्यहरूको लागि ९०:१० हुनेछ। राज्य सरकारहरूले बेरोजगारी भत्ता र क्षतिपूर्ति पनि प्रदान गर्न जारी राख्नेछन्। राज्यसभामा छलफलको क्रममा, ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले सरकार "राष्ट्र प्रथम" को आदर्श वाक्यका साथ काम गरिरहेको बताउनु भयो।

**रेलवे- स्पेशल ट्रेन**

क्रिसमस र नयाँ वर्षलाई मध्यनजर गर्दै यात्रुहरूको सुविधाको लागि रेलवेले नौ क्षेत्रहरूमा १३८ विशेष रेलहरू चलाउनेछ। रेलवेको योजना अनुसार, ६५० ट्रिपहरू प्रस्तावित र स्वीकृत गरिएको छ। रेलवे मन्त्रालयले हालसम्म २४४ ट्रिपहरू सूचित गरिएको बताएको छ। पश्चिमी रेलवेले सबैभन्दा बढी २६ रेलहरू चलाउनेछ, त्यसपछि मध्य रेलवेले १८ र दक्षिण मध्य रेलवेले पनि २६ रेलहरू चलाउनेछ। दक्षिण पूर्व मध्य रेलवेले यस अवधिमा चाडपर्वको भीडलाई सहज बनाउन १२ रेलहरू

चलाउँदैछ। मन्त्रालयले यी विशेष रेलहरू चलाएर रेलवेले यात्रुहरूलाई थप क्षमता, आराम र सुविधा प्रदान गरिरहेको बताएको छ जसले यात्रुहरूलाई क्रिसमस र नयाँ वर्ष कुनै पनि झन्झट बिना मनाउन सहयोग गर्नेछ।

**गुजरात-एसआईआर**

गुजरातका सबै विधानसभा निर्वाचन क्षेत्रहरूको लागि मस्यौदा मतदाता सूची आज विशेष गहन संशोधन अभियानको एक भागको रूपमा प्रकाशित गरिनेछ। जिल्ला निर्वाचन अधिकारीहरूले संशोधन प्रक्रियामा पारदर्शिता सुनिश्चित गर्न मान्यता प्राप्त राजनीतिक दलका प्रतिनिधिहरूलाई मस्यौदा सूचीको प्रतिलिपिहरू हस्तान्तरण गर्नेछन्। गुनासो र आपत्ति दर्ता गर्ने प्रक्रिया आज आधिकारिक रूपमा सुरु हुन्छ र 18 जनवरी 2026 सम्म जारी रहनेछ। मतदाताहरूले अब मस्यौदा सूचीमा आफ्नो नाम जाँच गर्न र नयाँ नामांकन र सुधारका लागि आवेदन पेश गर्न सक्छन्। निर्वाचन आयोगले अन्तिम मतदाता सूची सफा र सही छ भनी सुनिश्चित गर्न बुथ-स्तरीय एजेन्टहरूसँग अनुपस्थित, स्थानान्तरण गरिएका र मृतक मतदाताहरूको सूची पनि साझा गरेको छ।

**प्रधानमंत्री-इथियोपिया-प्रतिक्रिया**

प्रधानमन्त्री नरेन्द्र मोदीको मंगलबार र बुधबार इथियोपिया भ्रमणको क्रममा आठ सम्झौतामा हस्ताक्षर भएको थियो। इथियोपिया सरकारले प्रधानमन्त्री मोदीको भ्रमणले दुई देशबीच सहयोगका लागि नयाँ अवसरहरू खोल्ने बताएको छ। आकोशवणीसुग कुरा गर्दै इथियोपियामा बस्ने भारतीय प्रवासी मयुर सुरतकान्त कोठारीले प्रधानमन्त्री मोदीको सफल भ्रमणपछि इथियोपियामा बस्ने भारतीयहरूले गर्व महसुस गरिरहेको बताउनु भएको छ।

**तेलंगाना अधिकारी**

मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले आइतबार हैदराबादमा तेलंगानाका बुथ स्तरीय अधिकारीहरू (BLOs) सँग बैठक गर्नु हुनेछ। श्री कुमारले आफ्नो निर्धारित कार्यक्रम अनुसार आज हैदराबाद र आन्ध्र प्रदेशको श्रीशैलमको भ्रमण गर्नु हुनेछ। प्रमुख निर्वाचन आयुक्तले आज हैदराबादको रवीन्द्र भारतीमा तेलंगानाका बीएलओहरूसँग अन्तरक्रियात्मक सत्र गर्नु हुनेछ।

**क्रिकेट**

भारत र दक्षिण अफ्रिका बीचको पाँचौं तथा अन्तिम टी-२० अन्तर्राष्ट्रिय क्रिकेट म्याच आज अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा हुनेछ । म्याच साँझ ७ बजे सुरु हुनेछ। सूर्यकुमार यादवको नेतृत्वमा रहेको भारतीय टोलीले प्रतियोगितामा २-१ को अग्रता लिएको छ। बुधबार लखनऊको एकाना स्टेडियममा भएको चौथो टी-२० म्याच कुहिरोका कारण रद्द गरिएको थियो।

****** ० ******